नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४] काठमाडौं वैशाख १२ गते २०१२ साल [संख्या ३६

भाग १

पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १

७।१।०१२

स्वास्थ्यमन्त्रालय—अन्तर्गत डाइरेक्टर जनरल अफिस मेडिकल डिपार्टमेन्टमाई एकजना पर्सनल असिस्टेन्ट चाहिएको छ । योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०)मा भरी २०१२ साल आषाढ ५ गते रोज १ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनु होला । दरखास्त फारामको नमूना हरेक नेपाली जिल्लाका गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ । दरखास्तसाथ फी पठाउनुपर्दैन ।

पदको विवरण यस प्रकार छः—

१. पदः—पर्सनल असिस्टेन्ट गजेटेड, स्थायी तथा पेन्शन पाइने ।

328

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्यूनतम योग्यताः—एम्. बी. बी. एस्.। आइडमिनिष्ट्रेशनमा अनुभव भएकालाई ग्राह्यता दिइनेछ।

३. मासिक तलब र भत्ताः—तलब मो. रु. १८०।, घ. भ. बो. रु. २०।, वि. भ. बो. रु. ५०।

४. कामः—डाइरेक्टर जनरलको अफिसको काममा मद्दत गर्ने।

५. अभ्यास अवधिः—६ महिना।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।